रामप्रसादराई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
१ नं. प्रदेश, नेपाल

प.सं. :- ०७८/७९
च.नं. :- ९६३

मिति : २०७८/०९/२०

**विषय : योजना तथा कार्यक्रम कार्यान्वयनको प्रगति सम्बन्धी जानकारी सम्बन्धमा ।**

श्री सरोकारवालाहरु, सबै ।

प्रस्तुत विषयमा यस रामप्रसादराई गाउँपालिकाले चालु आ.ब. ०७८/०७९ को लागि विनियोजन गरेको वजेट तथा कार्यक्रमको प्रगति विवरण देहाय अनुसार रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

देहाय

१) चालु आ.ब. २०७८/०७९ मा भौतिक पूर्वाधार तर्फ निम्न अनसार वजेट विनियोजन भएको । (मिति २०७८/०९/२० सम्मको अभिलेख)

| वजेट | १ लाख सम्म | १-३ लाख सम्म | ३-५ लाख सम्म | ५-१० लाख सम्म | १०-१५ लाख सम्म | १५-२० लाख सम्म | २० लाख भन्दा माथी |
|---|---|---|---|---|---|---|---|
| योजनाको संख्या | २४ | १०९ | ६९ | ३९ | ३ | ४ | ७ |
| सम्झौता भइसकेको योजनाको संख्या | १० | ४२ | १८ | ७ | १ | १ | ७ |
| काम सम्पन्न भै सकेको योजनाको संख्या | ० | ० | १ | ० | ० | ० | ० |

२) चालु आ.ब. २०७८/०७९ मा समयमै भौतिक योजना सम्बन्धी काम सम्पन्न गर्नकोलागि (असारे विकास नियन्त्रण गर्न) कार्यालयले हालसम्म गरेका प्रयासहरु

क) योजना कार्यान्वयन सम्बन्धी काम यथाशिघ्र सम्पन्न गरी योजना कार्यान्वयन शुरु गर्ने भनी कार्यपालिकाबाट निर्णय भएको ।

देहाय

| मिति | निर्णयको व्यहोरा (छोटकरीमा) |
|---|---|
| २०७८/०४/२७ | २०७८ भाद्र १५ सम्ममा उपभोक्ता समिति गठन गरी सम्झौता प्रक्रिया आगाडी वढाउने |
| २०७८/०७/१३ | २०७८ कात्तिक मसान्त सम्ममा उपभोक्ता समिति गठन गरी सक्ने र २०७८ मंसिर पहिलो हप्ताबाट उपभोक्ता समितिलाई अभिमुखीकरण शुरु गर्ने |
| २०७८/०९/१२ | चालु आ.ब.मा विनियोजित वजेट अनुसारको योजना तथा कार्यक्रम कार्यान्वयनमा ढिलाइ भइरहेकोले सम्बन्धित शाखा र वडा कार्यालयहरुलाई सो सम्बन्धमा ताकेता गर्ने |

ख) च.नं. १६७ मिति २०७८/०५/०८, च.नं. २१४ मिति २०७८/०५/२१, च.नं. ६१८ मिति २०७८/०७/३०, च.नं. ६५६ मिति २०७८/०८/०७ पत्रबाट प्रत्येक वडा कार्यालयलाई छिटो भन्दा छिटो उपभोक्ता समिति गठन गरी योजना कार्यान्वयनको प्रक्रिया आगाडी वढाइ दिन अनुरोध सहित पत्राचार भएको।

ग) सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको कानूनी व्यवस्था वमोजिम प्रत्येक उपभोक्ता समिति दर्ता हुने व्यवस्था मिलाइएको।

घ) प्रमुख प्रशासकीय अधिकृत, योजना अधिकृत, प्राविधिक सहितको टोली वडा वडामा पुगी उपभोक्ता समितिहरुलाइ अनुशिक्षण गरेको। (संस्था दर्ता कसरी गर्ने, सम्झौता गर्न के के कागज चाहिन्छ, योजना कार्यान्वयन गर्दा के के कुरामा ध्यान दिन पर्छ, उपभोक्ता समिति, वडा, कार्यालयको भुमिका के हो, मूल्यांकन किन घट्छ लगायतको विषयमा)

ङ) योजना तथा कार्यक्रमलाई प्रभावकारी वनाउन फरक फरक मिति, समय र स्थानमा नेपाल सरकारका केन्द्रिय निकायका विज्ञ तथा कर्मचारीहरु, प्रदेश सरकार अन्तर्गतको कार्यालयमा कार्यरत विज्ञ तथा कर्मचारीहरु, विभिन्न स्थानीय तहका विज्ञ तथा कर्मचारीहरुलाई गाउँपालिकामै निमन्त्रणा गरी आवश्यकता अनुसार फिल्ड भिजिट, स्थानीय जनप्रतिनिधि, स्थानीय जनता, लाभग्राही, राजनीतिक दल, सुरक्षाकर्मी भद्रभलादमी लगायतसंग छलफल अन्तरक्रिया गर्ने गरेको।

च) प्राविधिक कर्मचारीहरुलाई स्पष्ट रुपमा कार्यक्षेत्र तोकी खटाइएको।

छ) निर्माण कार्य सम्पनन्न हुने वितिकै फरफारक हुने व्यवस्था मिलाइएको।

ज) उपाध्यक्षज्यू सहितको अनुगमन टोली योजना तथा निर्माण कार्यको अनुगमनमा खटिने गर्नु भएको।

झ) १० लाख सम्मका योजना तथा निर्माण कार्यको लागत अनुमान स्विकृत गर्ने, सम्झौता गर्ने, नापी किताब प्रमाणीत गर्ने, मूल्यांकन बील प्रमाणित गर्ने अधिकार कार्यालयको अन्य अधिकृत कर्मचारीहरुलाई प्रत्यायोजन गरिएको।

**<u>योजना तथा निर्माण कार्य/कार्यक्रम कार्यान्वयनमा ढिलाइ हुनुको कारण</u>**

क) कार्यालयमा दक्ष जनशक्ति नहुनु। जस्तै : इन्जिनियरिङ सेवाका कर्मचारीहरु।

ख) उपभोक्ता समिति गठनमा ढिलाइ हुनु।

ग) कार्यरत कर्मचारीको तुलनामा योजनाको संख्या धेरै हुनु। जस्तै : १ जना कर्मचारीले ६० वटा योजना कार्यान्यन गर्न पर्ने जिम्मेवारी वहन गर्नु लगायत।

घ) विविध। जस्तै : स्थान टुङ्गो नलाग्नु, जग्गाको स्वामित्व लगायत।

रामप्रसादराई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
१ नं. प्रदेश, नेपाल

प.सं. :- ०७८/७९
च.नं. :-

२) सेवा प्रवाहलाई प्रभावकारी वनाउन ककार्यालयले हालसम्म गरेका प्रयासहरु

क) सेवा प्रवाहलाई प्रभावकारी वनाउन गाउँपालिकाले गरेका असल अभ्यासहरु यस अघी पनि वेभसाइटमा अपलोड गरिएको।

ख) फिल्डमा काम गर्नु पर्ने कर्मचारीलाई फिल्ड मै खटाइएको।

ग) प्रत्येक किसानलाई कृषी तथा पशुपालन सम्बन्धी सेवा प्राप्त गर्नको लागि कृषी तथा पशु प्राविधिक कर्मचारीलाई कार्यक्षेत्र तोकी फिल्ड मै खटाइएको।

घ) वडा क्षेत्रभित्रको विद्यालय र स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहको सम्बन्धमा स्थानीय जनप्रतिनिधिलाई अनुगमन गरी सो सम्बन्धमा वडासमितिमा छलफल/निर्णय गरी उक्त निर्णय कार्यान्वयनको लागि कार्यपालिकामा पठाउने व्यवस्था मिलाइएको।

ङ) प्रमुख प्रशासकीय अधिकृतमा नीहित रहेको केही अधिकारहरु मातहतका कर्मचारी, वडासचिव लगायतलाई प्रत्यायोजन गरिएको जस्तै : अपाङ्गता परिचय पत्र जारी गर्ने अधिकार, ज्येष्ठ नागरिक परिचयपत्र जारी गर्ने अधिकार लगायत।

च) कर्मचारीहरुको तलब भत्ता निकासा गर्न पूर्व करार सम्झौता, हाजिरी विवरण, सेवा प्रवाहको विवरण लगायतको अभिलेख चेकजाँच गर्ने गरिएको।

छ) सेवा प्रवाहमा देखिएका समस्याहरु सामाधन गर्नको लागि विभिन्न विज्ञहरु वोलाइ अनुशिक्षण गर्ने अन्तरक्रिया गर्ने छलफल गर्ने लागयतको कामहरु गरिएको जसबाट धेरै हदसम्म सेवा प्रवाहमा सुधार आएको। जस्तै : साकेला गाउँपालिकाको विज्ञ वोलाइ सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई व्यवस्थित वनाउने सम्बन्धमा छलफल, PAMS तालिम, व्यक्तिगत घटनादर्ता सम्बन्धी तालिम, NIC Asia Bank को केन्द्रिय कार्यालयहरुसँगको छलफल लगायत।

ज) स्थानीय तह स्थापना भएदेखि केही महत्वपूर्ण दरवन्दीहरु रिक्त रहेकोले स्थायी पदपूर्तीको लागि लोक सेवा आयोगवाट पदपूर्ती प्रक्रिया शुरु भइसकेको। जस्तै : इन्जिनियरिङ सेवाका कर्मचारीहरु, कृषी शाखा/पशु शाखाका कर्मचारीहरु, वडासचिवहरु लगायत।

२०७८।१२।२९

बाबुनन्दन मेहता
प्रमुख प्रशासकीय अधिकृत

ज्ञानराज भट्टराई (योजना)

अनन्त राई (प्रशासन)

सजन कुलुङ
जिन्सी शाखा

समपर्क नं : ९८५२०७३८९३ (सूचना अधिकारी)
ई-मेल:ramprasadrai.rm@gmail.com वेवसाइट: www.ramprasadraimun.gov.np